# नेपाल राजपत्र

## भाग ३


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, साउन १ गते २०३३ साल [ अतिरिक्ताङ्क १० (क)


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप-दफा (१) र (२) तथा दफा ५ को उप-दफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

१. देहायका सदस्यहरू भएको एक विशेष अदालत गठन गरिएको छः—

   १. अञ्चल न्यायाधीश— श्री लीलाप्रसाद गिरी

   २. प्रमुख नापी अधिकृत— श्री प्रकाशविक्रम शाह

   ३. का. मु. डी. एफ. ओ. श्री इन्द्रसिंह कार्की

२. अञ्चल न्यायाधीश श्री लीलाप्रसाद गिरीलाई यस विशेष अदालतको अध्यक्ष तोकिएको छ।


मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मकवानपुर जिल्लामा कित्ता नापीको सिलसिलामा उठेको समस्या समाधान गर्न वन ऐन, २०१८ को दफा ३ र जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ को उप–दफा (७) अन्तर्गतका मुद्दाहरू र भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१ (क) अन्तर्गतका मोहियानी हक सम्बन्धमा मकवानपुर जिल्ला अदालत र जिल्ला भूमिसुधार कार्यालय मकवानपुरमा दायर रहेका मुद्दाहरू र सो सम्बन्धमा पर्ने भएको उजूरी लिई कारवाई र किनारा गर्न यस विशेष अदालतलाई तोकिएको तथा सुम्पिएको छ।

४. यस विशेष अदालतले मकवानपुर जिल्लाभित्र जहाँसुकै आफ्नो मुकाम कायम गर्न सक्नेछ।

५. यस विशेष अदालत २०३३ साल श्रावण १ गतेदेखि १ वर्षको लागि गठन गरिएको छ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

४०४